# चापाकोट नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

**चापाकोट,स्याङ्जा** **गण्डकी प्रदेश,नेपाल ।**

## दरभाउपत्र आव्हान सम्बन्धी सूचना ।

**प्रथम पटक सुचना प्रकाशित मिति २०७५।६।३**

स्थानीय सरकार संचालन ऐन २०७४ तथा नगरसभावाट स्वीकृत आर्थिक ऐन २०७५ वमोजिम आ.व ०७५/०७६ मो लागि आन्तरिक आय संकलन(ठेक्का वन्दोवस्ती) गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसार छुट्टाछुट्टै दरभाउपत्र/वोलपत्र फाराम खरिद गरि रितपुर्वक शिलवन्दी दरभाउपत्र/वोलपत्र पेश गर्न १५ (पन्ध्र) दिने यो सुचना प्रकाशित गरिएको छ ।

### तपसिल

| क्र.सं. | ठे.नं. | ठेक्काको नाम | आ.व.२०७५।७६ को लागि न्यूनतम अंक (भ्याट वाहेक). | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| | | **ढुंगा, गिट्टि, वालुवा बिक्रि कर तर्फः** | | |
| १ | २.१ | सम्पास घाट | ३००००। | १०००। |
| २ | २.२ | तेउनास घाट | ९००००। | १०००। |
| ३ | २.३ | आधिघाट नाका | १८७५००। | १०००। |
| ४ | २.४ | निर्दिम घाट | २७१८७४ | १०००। |
| ५ | २.५ | छिते घाट | १३५०००। | १०००। |
| ६ | २.६ | बत्रा घाट | २८१२५०। | १०००। |
| ७ | २.७ | सोल्टी घाट | ९४५००। | १०००। |
| ८ | २.८ | दामाचौर घाट | २२५०००। | १०००। |
| ९ | २.९ | केलादी घाट | २७३०००। | १०००। |
| १० | २.१० | बार्से घाट | २२५०००। | १०००। |
| ११ | २.११ | खेरीया घाट | २५३५००। | १०००। |
| १२ | २.१२ | बनकट्टा घाट | २६८८००। | १०००। |
| १३ | २.१३ | राम घाट | २९२५००। | १०००। |
| १४ | २.१४ | तिलपुर घाट | २१८८००। | १०००। |
| १५ | २.१५ | दोभान दामाचौर घाट | १५३९००। | १०००। |
| १६ | २.१६ | दार्सिङ घाट | ९००००। | १०००। |
| १७ | २.१७ | कामीकोट घाट | १४८५००। | १०००। |
| १८ | २.१८ | सिम घाट | ६३०००। | १०००। |
| | | | ३३०११२४। | |

**शर्तहरु :-**

१) दरभाउपत्र/वोलपत्र पेश गर्दा व्यक्तिले ( १ लाख ५० हजार सम्मको मात्रै ) नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं. र जतिसुकै रकमको दरभाउपत्र/वोलपत्र पेश गर्ने फर्म वा संघ संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपीसहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरि यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयबाट दरभाउपत्र/वोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२) दरभाउपत्र/वोलपत्र १६ (सोह्रौं) दिन मिति २०७५/६/१८ गते मध्यान्ह १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । दरभाउपत्र/वोलपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्र/वोलपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र/वोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र/वोलपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको ने.बै.लि सुन्तलीटार स्थित १९००३०००००००३००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४) म्याद भित्र पेश हुन आएका दरभाउपत्र/वोलपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह २ बजे पछि दरभाउपत्र/वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र/वोलपत्र फाराम भरी आएको, दरभाउपत्र/वोलपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र/वोलपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्र/वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र/वोलपत्र खोल्न बाधा पर्ने छैन ।

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

५) दरभाउपत्र/वोलपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६) दरभाउपत्र स्विकृत भएमा स्विकृत भएको सुचना प्राप्त भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको अंकको ५० प्रतिशत रकम यस कार्यालयको ने.बै.लि सुन्तलीटार स्थित १९००३००००००००४००१००१ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र बाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७५ श्रावण मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स वण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमुष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन, साथै कवोल अंकमा १० प्रतिशत छुट दिन सकिने छ । यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम गरिने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बांकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ता वापत २०७५ साल कार्तिक मसान्तसम्म र बाँकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम २०७५ साल फाल्गुण मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कबुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्र्यौट नगरेसम्म दरभाउपत्र/वोलपत्रमा भाग लिन पाउने छैनन् ।

८) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा तगारो राखी कर संकलन गर्न पाईने छैन । सरकारी वा अन्य कुनै कर, शुल्क दरभाउपत्र/वोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

९) व्यक्तिगत सम्पत्तीलाई क्षति पुग्ने गरि र सार्वजनिक निर्माण संरचना-बाँध, कुलो, पैनी,पुल, आदिको ५०० मीटर दायाँवायाँ/तलमाथी र प्राकृतिक वातावरणीय दृष्टिले प्रतिकूल असर पुग्ने र नदिको स्वाभाविक प्रवाहमा प्रतिकूल असर पर्ने गरि ढुँगा गिट्टि र बालुवा आदी वस्तु निकाल्न पाईने छैन र हयावी इक्युपमेन्ट अर्थात एक्जाभेटर जस्ता मेशिनरी साधन प्रयोग गरी माल वस्तु उत्खनन गर्न पाइने छैन यदी यसरी प्रयोग गरेको पाईएमा प्रचलित नियमानुसार जरिवाना गर्न सकिनेछ । माल वस्तु विहान ६ बजे देखि  वेलुका ७ वजेसम्म मात्र झिक्न पाईनेछ । हावा चलेको वेलामा, पानी चुहिने गरी, धुलो उड्ने गरी र ओभरलोड हुनेगरी ढुवानी गर्न पाईने छैन । साथै नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुरुप असार, श्रावण र भाद्र महिनामा नदि तथा खोलाबाट ढुँगा गिट्टि बालुवा उत्खनन् तथा संकलन गर्न पाईने छैन ।

१०) सरकारी कार्यालयबाट गरिने निर्माण कार्यहरुका प्रयोग हुने सवारी साधनहरुमा नगरपालिकाबाट लेखिए बमोजिम दरभाउपत्रदाताले छुट दिनुपर्नेछ ।

११) वन सिमा भित्रको कुनै पनि ठाँउमा ढुँगा गिट्टी र बालुवा आदी झिक्न उठाउन पाईने छैन ।

१२) नदिजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक लोकमार्गलाई असर पर्ने गरी सडक (नाका, वाटो) निर्माण गर्न पाईने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च जि.स.स मा दावी गर्न पाइने छैन ।

१३) स्थानिय स्तरमा पर्न सक्ने वातावरणीय प्रभावलाई न्यूनिकरण गर्न पर्यावरणीय दस्तुर वापत स्थानीय विकास शुल्क लगाउन सकिने छ ।

१४) वन्द हडताल विपत्ति वा कुनै पनि कारणले राजस्व उठाउन नपाएको भनी मिन्हाको माग दावी गर्न पाईनेछैन ।

१५) प्राप्त दरभाउपत्र/वोलपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१६) ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन र बैंक ग्यारेण्टी फुकुवा गर्न सम्बन्धीत आन्तरीक राजस्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । आय कर तथा मुल्य अभिवृद्धि कर सम्बन्धमा प्रचलित आयकर ऐन तथा मु.अ.कर ऐन बमोजिम हुनेछ ।

१७) मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५ (३) बमोजिम वोल अंकमा मूल्य अभिवृद्धि कर समेत जोडि असुल गरिने छ ।

१८) उल्लेखित शर्तहरुको उल्लघंन गरेमा निज दरभाउपत्र/वोलपत्रदाताको धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ ।

१९) नदीजन्य पदार्थ उत्खनन गरिने क्षेत्रको परिमाण एकिन गर्दा सम्बन्धित स्थानीय तहका प्रतिनिधी, र स्थानीय बासिन्दा समेतको रोहवरमा घाटको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन गरिने गहिराई समेत जानकारी गराई सिमाकंन गरिनेछ ।

२०) नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण एकिन गरेपछि मात्र सो घाटबाट उत्खनन कार्यको थालनी गर्ने । यसरी गरिएको सिमा भित्रबाट मात्र उत्खननकर्ताले नदीजन्य पदार्थ उत्खनन गरी लैजान सकिनेछ ।

२१) नदीजन्य पदार्थ उत्खनन गर्दा नगरपालिकाबाट खटिएका कर्मचारी समेतको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सिमाबाट मात्र हाते औजार र श्रममूलक प्रविधिको मात्र प्रयोग गरी निकाल्ने भारी यान्त्रीक उपकरण प्रयोगलाई निरुत्साहित गरिनेछ ।

२२) उत्खनन गरि सकेपछि  छनौट गरि छाडिएको काम नलाग्ने बस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थलमा लगी छाड्नु पर्ने छ । उत्खनन गर्दा तोकिएको गहिराईसम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन गर्नुपर्ने छ । नदीको पानीको बहाव क्षेत्र परिवर्तन गर्न पाईने छैन ।

२३) उत्खनन कार्यमा खटिने ठेकेदारले IEE का शर्तका अलावा ठेक्का शर्त र अनुगमन समितिले बेला बेलामा दिइएको निर्देशन पालना गर्नुपर्ने छ ।

२४) उत्खनन गरी निकालिएको नदीजन्य पदार्थ अन्यत्र लगी आफ्नो प्रयोगलाई चाहिने परिमाण भन्दा बढी हुने गरी संचय गर्न निषेध गर्ने । संचय गर्नुपर्ने अवस्था आए नगरपालिकाको अनुमतीमा मात्र संचय गर्न सकिने छ ।

२५) उत्खनन स्थलमा टेक्टर र २५० घ.फीट सम्मका भारी ढुवानी साधन बाहेक अन्य साधन प्रबेशमा रोक लगाउने ।

२६) नदीजन्य पदार्थको बिकी गर्दा कार्यविधिको अनुसूची २ बमोजिमको नगदी रसिद प्रयोग गर्नुपर्नेछ ।

२७) अनुगमन समितिले निर्धारण गरेको घाट र परिमाणको सिमा भित्र रही उत्खनन आदेश दिनु पुर्व प्रविधिकबाट गरिएको नाप तथा रेखाकंन तथा **नक्सांकनको** आधारमा पहिलो पटक उत्खनन लाईन दिईनेछ ।

२८) दैनिक उत्खनन गरिएको नदीजन्य पदार्थ कार्यविधिको अनुसुचि १ बमोमिको ढाँचामा दैनिक उत्खनन अभिलेख राख्नुपर्नेछ ।

२९) कार्यविधिको अनुसुचि ३ बमोमिको ढाँचामा दैनिक बिकी तेरिज तयार गरी मासिक रुपमा नगरपालिकामा पठाउने र नगरपालिकाले सो को अभिलेख राख्नेछ ।

३०) प्राप्त दरभाउपत्र/वोलपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

३१ ) ढुङ्गा, गिट्टी र वालुवाको परिमाण IEE मा तोके भन्दा बढी उत्खनन् तथा संकलन गर्न पाईने छैन, उक्त उत्खनन् तथा संकलन गर्ने अवधी असोज १ गते देखि जेष्ठ मसान्त सम्म रहनेछ साथै तत् सब्मन्धी कार्य गर्दा नदीजन्य पदार्थ उत्खनन् ओसार पसार तथा बिक्री वितरण गर्ने कार्यविधी २०७४ बमोजिम गर्नुपर्नेछ ।

३२) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै नेपाल सरकार सैघिय सरकार,प्रदेश सरकार र यस कार्यालयबाट गरिएका निर्देशनहरुको दरभाउपत्रले पालना गर्नु पर्नेछ

३३) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/ राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

चापाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चापाकोट, स्याङ्जा
४ नं प्रदेश, नेपाल

विन्दु कोईराला
नि. प्रमुख प्रशासकीय अधिकृत

नि प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner